# उच्च सिकाइ उपलब्धिका कारक पक्षहरू

*नेत्रप्रसाद पौडेल*[*]

**सारांश**

*सर्लाही जिल्लास्थित खुटौना गा.वि.स. ओडा नं. १ मा रहेको श्री जनता निम्न माध्यमिक विद्यालयमा गई क्षेत्रकार्यअन्तर्गत प्रामाणिक सूचनाहरू लिएर गरिएको प्रस्तुत अध्ययनबाट विद्यार्थीहरूको उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि विषय शिक्षकहरूको सर्वाधिक भूमिका हुने देखियो । सिकाइ उपलब्धिलाई उच्च तुल्याउनका लागि यस विद्यालयले व्यावहारिक शिक्षण, उपलब्ध शैक्षिक सामग्रीहरूको यथोचित प्रयोग, पुस्तकालयको अभावमा समेत थोरै पुस्तकहरू जुटाएर झोले/घुम्ती पुस्तकालयको व्यवस्था, केही गर्ने अठोट, नियमित गृहकार्य, पृष्ठपोषणर परीक्षा, नतिजाको नियमित विश्लेषण, सबै विषयप्रति प्रअको समान दृष्टिकोण, वृत्तिविकासका लागि शिक्षकहरूलाई आलोपालो अवसर, पारदर्शी मूल्याङ्कन, समस्याहरूको वस्तुगत आकलन र निराकरणका लागि ठोस योजना, योजना र निर्णयहरूको इमानदारी कार्यान्वियन तथा कार्यक्रमिक र नीतिगत तहको सन्तुलित व्यवस्थापन गर्न अधिकतम प्रयत्न गरेको पाइयो । यस विद्यालयले विद्यालयीय सिकाइमा खपत हुने समय, गृहकार्यको सूक्ष्म परीक्षण, तत्काल पृष्ठपोषण तथा प्रभावकारी शिक्षण सिकाइ गरी विशेष चार कुराहरूमा ख्याल गरेको देखियो । बालकको सिक्ने आनीबानी, त्यसमा गुरुहरू र अग्रजहरूको प्रभाव, त्यसबाट उनीहरूको सिकाइ उपलब्धिमा पर्ने असरका बारेमा विद्यालय परिवार सचेत देखियो । प्रधानअध्यापक विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव तथा भूमिकामूलक नेतृत्व समेत भएका कारण उनले वि.व्य.स. र अन्य सरोकारवालाहरूको माझमा समन्वयकारी भूमिका निर्वाह गरेको पाइयो । सबै बालबलिकाका सबल र दुर्बल पक्षहरूको जानकारी प्राप्त गरी उनीहरूको पढाइ सुधार्ने योजनामा अभिभावकहरूसँग सहकार्य, आफ्ना कमी कमजोरीहरू हटाउनका लागि प्रधानअध्यापक स्वयम्बाट र अन्य वरिष्ट शिक्षकद्वारा शिक्षकहरूको नियमित कक्षा अवलोकनपछि पृष्ठपोषण दिने, शिक्षकहरूबाट प्रअ र वरिष्ट शिक्षकहरूको कक्षा अवलोकनपछि टिप्पणी गराउने कार्यप्रणाली अवलम्बन गरेको देखियो ।*

**विषय प्रवेश**

शिक्षाको विकास एउटा गतिशील प्रक्रिया हो । देश विकासको महत्त्वपूर्ण कडीका रूपमा शिक्षा विकासको प्रभाव र महत्त्व रहेको हुन्छ । यसर्थ विद्यालय शिक्षामा सुधारको आवश्यकता महसुस गरी वि.सं. २०५७ सालमा जारी गरिएको 'शिक्षा ऐन' को सातौं संसोधन कार्यान्वयनबाट सबै विद्यालयहरूले शिक्षण सिकाइ सुधार प्रयोजनका लागि विद्यालय सुधार परियोजना निर्माण गर्ने र त्यसका आधारमा विद्यालयका सम्पूर्ण गतिविधिहरू सञ्चालन गर्ने कामको थालनी गरिएको छ ।

नेपालको शिक्षा विकासमा थुप्रै समस्या तथा चुनौतीहरूको सामना गर्नुपरेको छ । तत्कालीन सरकारले शिक्षा क्षेत्रमा सुधार ल्याउने उद्देश्यबाट 'विद्यालय क्षेत्र सुधार योजना' ( इ.सं. २००९-२०१५) लागु गरेको छ । यसअनुसार शिक्षा क्षेत्रमा समयानुसार सुधार गर्ने हेतुले विद्यालय संरचनामा समेत परिवर्तन गरी पहिलाको कक्षा १-५ सम्मको प्राथमिक र ६-८ निम्न

---

* नेपाली विषयका सहप्राध्यापक डा. पौडेल महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्राध्यापनरत हुनुहुन्छ ।

माध्यमिक, ९-१० माध्यमिक र ११-१२ उच्च माध्यमिक विद्यालय तहको संरचनालाई कक्षा १-८ सम्म आधारभूत र ९-१२ लाई माध्यमिक गरी दुई तहमा वर्गीकरण गरिएको छ ।

वि.सं. २०२८ सालपछि शिक्षाको क्षेत्रमा आमूल सुधार गर्ने धेयले चालिएका कदमहरूमध्ये विद्यालय क्षेत्र सुधार योजना एउटा सबैभन्दा प्रभावकारी कार्यक्रम मान्न सकिन्छ । विविध चुनौतीहरूका बाबजुद पनि यस कार्यक्रमले माध्यमिक शिक्षाको एकीकृत स्वरूप विकास गर्नमा ठुलो योगदान गरेको छ । यसै कार्यक्रम कार्यान्वयनको सिलसिलामा विविध कार्यहरू, जस्तै- शिक्षकको पेसागत क्षमता अभिवृद्धि, प्रधानअध्यापक नेतृत्व क्षमता विकास तालिम, शिक्षा विकासका सवालहरूमा सरोकारवालाहरूको भूमिकाको परिभाषा, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना (२०१०) गरी यसलाई नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यालय सुधार कार्यक्रमअन्तर्गत शिक्षाको गुणस्तरमा सुधार ल्याउने एउटा एकीकृत शाखाका रूपमा व्यवस्थापन गरेको छ ।

**अध्ययनका समस्या**

विद्यालयमा भर्ना भएका बालबालिका सबैमा पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि हासिल गराई विद्यालय शिक्षा पूरा गराउने लक्ष्यका साथ सिकाइ स्तर सुधारका कार्यक्रम विद्यालय स्तरमा केही वर्षदेखि कार्यन्वयन हुँदै आएका छन् । विद्यार्थी सिकाइ उपलब्धिमा गुणात्मक सुधार गर्ने लक्ष्यका साथ विक्षेसुयो हाल पनि कार्यान्वयकै तहमा छ ( शैगुपके, २०१३) । यति भएर पनि नेपालको शिक्षण सिकाइ प्रक्रियाभित्र थुप्रै चुनौतीहरू विद्यमान रहेका छन् । यस्ता चुनौतीहरू एकातिर जिल्ला तहमा देखिने औसत सिकाइ उपलब्धिको अन्तरमा रहेका छन् भने अर्कातिर विद्यालय तहको औसत सिकाइ उपलब्धिको फराकिलो अन्तरमा स्पष्टतः प्रकट भइरहेका छन् । न्यूनतम ०-१५ प्रतिशतसम्म औसत उपलब्धि अनि अधिकतम ९० प्रतिशतसम्म औसत उपलब्धि हासिल गर्ने विद्यालय एउटै जिल्लामा देखिनु (शैगुपके, २०१३) ले समस्या निकै टड्कारो बनेको प्रस्ट हुन्छ । यसप्रकार शैक्षिक कार्यक्रम र लगानी समान स्तरका हुँदाहुँदै पनि एक जिल्ला र अर्को जिल्ला तथा एक विद्यालय र अर्को विद्यालयबिचको सिकाइ उपलब्धिमा देखिने यस किसिमको अन्तर अत्यन्त फराकिलो अवस्थामा रहनु भनेकै नेपालको शैक्षिक प्रणालीमा रहेको मुख्य समस्या हो ।

सिकाइ उपलब्धि, विद्यालयको प्रभावकारिता, सान्दर्भिक सिकाइ, सिकारुको आनीबानी (ह्यविटस), ज्ञानात्मक अभिमुखीकरण जस्ता विषयहरूमा विभिन्न विद्वानहरूबाट अध्ययन अनुसन्धान भएका देखिन्छन् तर नेपालको सन्दर्भमा यस किसिमका अध्ययनहरूको अवस्था अत्यन्त कमजोर देखिएको छ । सिद्धान्ततः यही रिक्ततालाई कम गर्न अध्ययनको प्रस्तुत विषय छनोट गरिएको छ । यसर्थ पनि सिकाइ उपलब्धि परीक्षण (शैगुपके, २०१३) बाट प्रमाणीकरण गरिएको उच्च सिकाइ उपलब्धि हासिल गर्ने एउटा विद्यालयलाई नमुनाका रूपमा लिई कारक पक्षहरू पत्ता लगाउने र त्यसका सफल अभ्यास र प्रक्रियाहरूलाई न्यून सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयहरूमा स्थानान्तरण गर्ने उपायहरू पहिचान गरी तिनको उपादेयता निर्क्योल गर्ने विषयलाई समस्यात्मक विषय तथा अध्ययनको रिक्तताका रूपमा स्विकारिएको छ ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनका लागि “श्री जनता निम्न माध्यमिक विद्यालय, खुटौना १ सर्लाहीमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूको उच्च सिकाइ उपलब्धिका कारक पक्षहरूको खोजी गरी तिनको उपादेयता निर्क्योल गर्नु” भन्ने उद्देश्य तय गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

विद्यालय एउटा जटिल सामाजिक संस्था हो । विद्यालयको प्रमुख उद्देश्य शिक्षार्थीलाई वैयक्तिक तर उद्देश्यमूलक ढङ्गले सिकाइ अनुभवहरू प्रदान गर्ने हुन्छ । यहाँ विद्यार्थीहरू मात्र पढ्न नआई नियमित पठनपाठनका लागि शिक्षक, अभिभावक तथा विद्यालयसँग सम्बन्धित अधिकारीहरू एकआपसमा निर्दिष्ट उद्देश्य प्रप्तिका लागि भेला भएका हुन्छन् । यिनीहरूले विद्यालयमा गर्ने विविध क्रियाकलापले विद्यालयको सिकाइ वातावरणमा र विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी भूमिका निर्वाह गरेका हुन्छन् । यस सन्दर्भमा प्रधानअध्यापकको विद्यालय सञ्चालन गर्ने सकारात्मक भूमिकाले सर्वाधिक महत्त्व राख्दछ (एरिन्ड्स, २००१ : ४१२-१३) । हरेक विद्यालयको अन्य सङ्घ संस्थाहरूको जस्तै आफ्नै इतिहास, उद्देश्य, पेसागत वातावरण तथा अपेक्षाहरू हुन्छन् । विद्यालयका पेसागत तथा शैक्षिक संस्कृतिअन्तर्गत भने सम्पूर्ण विद्यालय सम्बद्ध सरोकारवाला सदस्यहरूको जीवनशैली, रहनसहन, विधिव्यवहार, आचरण, संस्कार, चालचलन आदि कुराहरू पर्दछन् (लोटी, १९७५) ।

पढाइ र लेखाइका माध्यमबाट विषयवस्तुको ज्ञान, बौद्धिक सिप र शैक्षणिक अनुभवहरूको एउटा खास समूहमा संलग्न भएको परिणामस्वरूप विद्यार्थीले प्राप्त गरेको क्षमता नै सिकाइ उपलब्धि हो भन्न सकिन्छ । युवा सामुदायिक कलेज जिल्ला बौद्धिक सभा (२००५) र भट्टराई (२०१६) मा उल्लेख भएअनुसार तथा विश्व बैङ्क (२०११) तथा ओमी र टिथी (२०१३) मा उल्लेख भएअनुसार विद्यार्थीको सिकाइ उपलब्धि भन्नाले एउटा खास क्षेत्रको ज्ञान, बौद्धिक सिप, अध्ययनको एउटा निश्चित अवधिपछि एउटा विद्यार्थीले देखाउने व्यवहार जहाँ एउटा राष्ट्रको अपेक्षा प्रतिविम्बित हुन सकोस् भन्ने बुझिन्छ । यसभित्र विद्यार्थीको बौद्धिक ज्ञान, सिप तथा अभिवृत्ति गरी तिनओटा पक्षहरू समेटिन्छन् ।

साक्षरता तथा अङ्कको ज्ञानले विद्यार्थीहरूमा ज्ञानात्मक सिपको विकास हुनुको साथै पढाइ र लेखाइ क्षमताको विकास पनि हुन्छ । यही क्रममा पछि गएर यस्ता सिपहरू झन् विकसित भई जटिल सिपहरू, जस्तै- समस्याहरूको तार्किक समाधान, सूचना प्रक्रिया, उच्च चिन्तन, सञ्चार सिप तथा उत्पादन कार्यसँग सम्बन्धित नवीन प्रविधिको उपयोग तथा समायोजन जस्ता जटिल सिपहरूको विकास हुन्छ र उनीहरू उत्पादन बजारमा गएर आफ्ना लागि उपयुक्त कामको छनोट गर्न सक्तछन् भन्ने भट्टराई (२०१६) ले रोलस्टोन र जेम्स ( २०१६) लाई उल्लेख गर्दै यस्ता विद्यालय शिक्षामार्फत् विकसित भएका सिपहरूले मानिसहरूको कामको बजारमा प्रवेश गर्ने क्षमता निर्धारण हुन्छ भनेका छन् । उनले तिनको उत्पादन क्षमतालाई वृद्धि गर्नाले तीव्र गतिमा परिवर्तन भइरहेको अर्थतन्त्रमा सहज ढङ्गले समायोजन हुन सक्ने क्षमताको विकास हुन्छ भन्ने मान्यता अगाडि सारेका छन् ।

मोर्टिमोर (१९९१ : ९) ले भनेअनुसार एउटा प्रभावकारी विद्यालयमा विद्यार्थीहरूले आफ्नो लगानीको प्रतिफलस्वरूप जति अपेक्षा गरेका हुन्छन् त्यसभन्दा धेरै प्रगति गर्न सक्दछन् । विद्यालय प्रभावकारिता सम्बन्धमा अमेरिका तथा बेलायतमा गरिएका विभिन्न अनुसन्धानहरू (जस्तै- रटर, १९७९, मोर्टिमोर, १९८८, सामोस, हिल्म्यान, मोर्टिमोर, १९९५, आदि) बाट निकालिएका निचोडअनुसार एउटा प्रभावकारी विद्यालयमा प्रधानअध्यापकको सबैभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ । त्यस्तै एउटा विद्यालयको प्रभावकारिता मापन गर्न विद्यालयका प्रधानअध्यापकका अतिरिक्त विद्यालयको सिङ्गो वातावरण नै शिक्षकहरूका बिच एकआपसमा विचार तथा अनुभवहरू निरन्तर आदानप्रदान गर्ने गरी विकास भएको हुनुपर्दछ । यसले प्रभावकारी शिक्षणलाई जन्म दिन्छ । प्रभावकारीशिक्षण भनेको एउटा उद्देश्यमा स्पष्ट, सङ्गठित, तयारीयुक्त, गतिशील ढङ्गले

संरचित तथा व्यवस्थित तुल्याइएको र विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्न ध्यान दिइएको एउटा महत्त्वपूर्ण कार्यक्रम मानिन्छ ।

कलिङ्गफोर्ड (१९९५ : १८२-८३) ले प्राथमिक विद्यालयको प्रभावकारितासँग सम्बन्धित आफ्ना निचोडरू प्रस्तुत गरेका छन् । उनका अनुसार सिकाइमा प्रभावकारिता ल्याउनका लागि विद्यालयको सङ्गठित र सुरक्षित वातावरण आवश्यक हुन्छ । उनले प्रभाकारी सिकाइका लागि प्रधानअध्यापकको उद्देश्यमूलक नेतृत्व, सहायक प्रधानअध्यापक तथा वरिष्ट शिक्षकहरूको विद्यालय सञ्चालन तथा प्रगतिका लागि सक्रिय संलग्नता, शिक्षकहरूको नीति निर्माण, पाठ्यक्रम सुधार तथा निर्णय प्रक्रियामा सक्रिय सहभागिता, नीति तथा कार्यक्रम कार्यान्वयनमा शिक्षकको अपनत्व र नियमित लगाव जस्ता कुराका अतिरिक्त सकारात्मक पृष्ठपोषणको आवश्यकता पर्दछ भनेका छन् ।

ड्वेक (१९८६, १९९९) को पोलार्ड (२००६ : ४०५-०६) मा उल्लेख भएअनुसारको लामो अनुसन्धानले बालबालिकाले आफ्नो सिक्ने क्षमताका बारेमा के सोच्दछन् भन्ने महत्त्वलाई स्थापित गरेको छ । उनीहरूको सिकाइमा विद्यालय, समुदाय तथा घरको संस्कृतिले ठुलो प्रभाव पार्दछ । साथीहरूसँगको सम्बन्ध, हरेक विद्यालयको वातावरण तथा सञ्चार माध्यमको विकासको असर उनीहरूको सिकाइ उपलब्धिमा प्रत्यक्ष देख्न सकिन्छ । सिकाइमा पूर्वज्ञान, मूल्य मान्यता तथा सामाजिक समूहको चिन्तन आदिको असर पनि रहन्छ । प्रत्येक बालकको पूर्वज्ञानको वृद्धि उनीहरूको अनुभवमा आधारित ज्ञानको विस्तार एवम् फैलावटबाट हुने गर्दछ । यस्तो ज्ञानलाई लेभ र वेङ्गरले (१९९१ : १५९; पोलार्ड २००६ मा उल्लेख) सान्दर्भिक सिकाइ भनेका छन् ।

हुन त सञ्चारका विभिन्न माध्यमहरू, जस्तै- टेलिभिजन, पत्रपत्रिका, रेडियो, मोबाइल आदिले विद्यार्थीहरूको पढाइमा असर गर्दछन् भनेर परम्परागत रूपमा विश्वास गरिन्छ तर यस्ता संरचनाका माध्यमबाट उनीहरूले संसारलाई हेर्ने नयाँ दृष्टिकोणको विकाससमेत गरिरहेका हुन्छन् । यस्तो आनीबानीको विकासलाई बोडिउ र प्यासरन (१९७७ : १६०) ले 'ह्यविटस' भनेका छन् । ह्यविटस भन्नाले आनीबानीहरूको एउटा समूह हो जुन बचपनदेखि नै बच्चाले घर, समुदाय तथा विद्यालयको वातावरणमा घुलमिल भएर समाजका सोचाइ, मूल्य मान्यता तथा संस्कृतिबाट आनीबानीको विकास गरेको हुन्छ जसको प्रभाव सिक्ने प्रक्रियामा पनि प्रत्यक्ष रूपमा देख्न सकिन्छ ।

भाषा एउटा चिन्तन एवम् सिकाइको माध्यम भएकाले यसकै माध्यमबाट बालकले विभिन्न सामाजिक संरचनाको परिधिभित्र रही सृजना गर्ने, प्रशारण गर्ने, तथा अरू मानिसहरूसँग अन्तरक्रिया गर्ने गर्दछ । यिनै सामाजिक संरचनाहरूले बालकले प्रयोग गर्ने भाषाहरूको श्रेणीमा प्रभाव पारेका हुन्छन् । भाषा एउटा संस्कृतिको सम्वाहक पनि भएको हुनाले नयाँ अनुभव ग्रहण गर्नमा सहयोग पुऱ्याउने मात्र होइन यसको सहयोगबाट सिकारु स्वयम् आफ्नो भाषिक समुदायको ज्ञानमा प्रभावित भएको महसुस गर्दछ । यसलाई रोगोफ (१९९०, पोलार्डमा उल्लेख) ले ज्ञानात्मक अभिमुखीकरण भनेका छन् ।

बालकको सिक्ने आनीबानीले पनि उनीहरूको सिकाइ उपलब्धिमा ठुलो प्रभाव पारेको हुन्छ । बालकले यस्तो बानीको विकास आफ्ना गुरुहरू अथवा अग्रज दाजु दिदीहरूबाट प्रभावित र प्रेरित भई नियमित रूपमा गरिरहेको हुन्छ । शैक्षिक उपलब्धिमा पारिवारिक पृष्ठभूमिले ठुलो महत्त्व राख्दछ भन्ने कुरा विभिन्न अनुसन्धानबाट पुष्टि भएको छ । यो न भौतिक सम्पन्नता, जस्तै- परिबारमा रहेको धन सम्पत्ति तथा आयआर्जन

जस्तो हुन्छ न परिवारको सांस्कृतिक सम्पत्ति (बोडिउ, १९७७, पोलार्डमा उल्लेख) अथवा सामाजिक सम्पत्ति (कोलम्यान, १९८८ : ५९५-६२०: पोलार्डमा उल्लेख) मा मात्र सीमित रहेको हुन्छ ।

**अध्ययन विधि तथा प्रक्रिया**

**सूचनाहरूको प्रकृति**

उच्च सिकाइ उपलब्धि हासिल हुनका कारक पक्षहरू पहिचानका लागि गुणात्मक अनुसन्धान विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएका छन् । यस अनुसन्धानात्मक लेखमा अनुसन्धानको प्रकृतिअनुसार विद्यालयका समग्र पक्षहरू, जस्तै- प्रधानअध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी तथा विद्यालय अभिलेखबाट सूचना सङ्कलन गरी समग्र पक्षको अध्ययनलाई नै विद्यालय मामला अध्ययन भनिन्छ भन्ने म्याकेको अवधारणा (२००६ : ७१) लाई सैद्धान्तिक आधार मानी यसका लागि शिक्षा मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्र सानोठिमी भक्तपुरबाट विज्ञान र गणित विषयमा इ.सं. २०१३ मा गरिएको विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षणमा उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका रूपमा छनोटमा परेको सर्लाही जिल्लाको खुटौना गा.वि.स. ओडा नं. १ मा अवस्थित जनता निन्न माध्यमिक विद्यालयमा गई "न्यून तथा उच्च सिकाइ उपलब्धिका कारक पक्षहरू : विद्यालय मामला अध्ययन" को नामबाट क्षेत्रकार्यअन्तर्गत २०७३ मा प्राथमिक तथा द्वितीयक स्रोतको उपयोगबाट सङ्कलित विविध सूचनाहरूलाई मुख्य आधार बनाइएको छ ।


**सामग्री निर्माण र सूचना सङ्कलन प्रक्रिया**

पस्तुत अध्ययनका लागि प्रधानअध्यापक, शिक्षक, अभिभावक, व्यवस्थापन समिति र विद्यार्थीसँगको अन्तरवार्ताका लागि पाँच प्रकारका प्रश्नावली, अवलोकन फाराम तथा विद्यालयमा उपलब्ध लिखित तथा प्रकाशित गरी तिन खालका सामग्रीबाट मूलतः उच्च सिकाइ उपलब्धि सम्बद्ध कारकपक्षहरूसँग सम्बन्धित सूचनाहरू सङ्कलन गरिएका छन् । यसका लागि निर्धारित पक्षसँग अन्तरवार्ता, अन्तरक्रिया, छलफल, विद्यालय परिसर तथा कक्षाको अवलोकन जस्ता कार्यविधि तथा कार्यप्रक्रिया तय गरिएका छन् ।

**अध्ययनको ढाँचा**

प्रस्तुत अध्ययनको ढाँचा यस विद्यालयका विद्यार्थीको उच्च सिकाइ उपलब्धि कायम हुनुका कारक पक्षहरू, जस्तै-विद्यालयको भौगोलिक, भौतिक, आर्थिक र शैक्षिक अवस्था, अभिभावकको शैक्षिक, आर्थिक र सामाजिक अवस्था तथा प्रधानअध्यापक र शिक्षकको भूमिका अनि विद्यार्थीको घरको वातावरण, अभिभावक तथा विद्यालय व्यवस्थापनका विविध सन्दर्भहरूले के कस्तो सहयोग पुऱ्याइरहेका हुन्छन् र यस किसिमको अध्ययनबाट कुन-कुन क्षेत्र र सरोकारित पक्ष लाभान्वित हुन सक्छ भन्ने शैक्षणिक अवधारणामा आधारित रहेको छ । यसलाई निम्निलिखित चित्रबाट थप प्रस्ट पारिएको छ :

**चित्र-१** : अवधारणात्मक ढाँचा




**उच्चा सिकाइ उपलब्धिका कारक पक्षहरू**

यसअन्तर्गत कारक पक्षहरू सम्बद्ध सूचनाहरूलाई सामान्य र विशिष्ट दुई वर्गमा वर्गीकरण गरी अध्ययन गरिएको छ।

**सामान्य पक्षहरू**

यसलाई विद्यालयको अवस्था तथा अभिभावकको अवस्था गरी दुई भागमा समेटिएको छ।

**विद्यालयको अवस्था**

सर्लाही जनकपुर अञ्चलमा पर्ने मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत अत्यधिक जनसङ्ख्या भएको तराईको जिल्ला हो। यसको दक्षिण भेगमा प्रायः मधेसी समुदाय र उत्तरी भेगमा पहाडिया समुदायका मानिसहरूको बसोवास रहेको छ। २०६८ सालको जनगणनाअनुसार ७,६९,७२९ जनसङ्ख्या रहेको यस जिल्लामा ९९ गा.वि.स. र ६ नगरपालिका रहेका छन्। ९९ गा.वि.स. मध्ये जनता निम्नमाध्यमिक विद्यालय रहेको खुटौना गा.वि.स. को ओडा नं. १ भारतको विहार राज्यस्थित सितामढी जिल्लाको खुटौना क्षेत्रसित जोडिएको सीमा ओडा हो। यस गा.वि.स. मा ७६६ घरधुरी रहेका छन्। यसमा पुरुषको भन्दा महिलाको सङ्ख्या कम देखिएको छ। २०६८ सालको जनगणनाअनुसार ४,८९३ कुल

जनसङ्ख्यामध्ये २,४६६ पुरुष र २,४२७ महिला रहेका छन् । प्रतिघर ६.३९ औसत जनसङ्ख्या रहेको यस गा.वि.स. मा सबभन्दा बढी जनसङ्ख्या मुसलमानहरूको (१,६४४) रहेको छ ।

सर्लाही जिल्लाको खुटौना गा.वि.स. स्थित ओडा नं. १ मा रहेको जनता नि.मा.वि. को स्थापना प्राथमिक विद्यालयका रूपमा वि.सं. २०२७ भए पनि झन्डै ४० वर्षपछि २०६७ सालमा आएर यसले निम्न माध्यमिक विद्यालयको स्वीकृति प्राप्त गरेको छ । यो विद्यालय घेराबारासहितको २ कट्ठा १० धुर जमिनको हाताभित्र अवस्थित छ । सर्लाही जिल्ला शिक्षा कार्यालयको सहयोगमा ५ कोठे, नेपाल जापान सहयोगमा २ कोठे र गरिबी विवारण कोषको सहयोगमा २ कोठे भवन निर्माण भएपछि यिनै एकतले ३ भवनभित्र कार्यालय कक्ष १ र ८ कक्षाकोठाका रूपमा व्यवहार गरिएका छन् । यस शिक्षण संस्थाको घेराबारा र सुरक्षा राम्रो देखिए पनि खेलमैदान, बगैँचा/हरियाली तथा साजसजाओटको अवस्था अत्यन्त कमजोर पाइएको छ । विद्यार्थीहरूका लागि आवश्यक पर्ने फर्निचरहरू र श्यामपाटीको अवस्था सङ्ख्याका हिसाबले मात्र होइन आकर्षण र उपयुक्ताका दृष्टिले कम र कमजोर देखिएको छ ।

यस विद्यालयको शैक्षिक पक्ष राम्रो देखिएको छ । हृदयनारायण यादव उद्देश्यमूलक नेतृत्व गर्न सक्ने कुशल यस विद्यालयका वर्तमान प्रधानअध्यापक हुन् । विद्यालयको उन्नति र प्रगतिका लागि सधैँ क्रियाशील रहने उनी योग्य, सक्षम र सक्रिय व्यक्तिका रूपमा देखिएका छन् । आठ पासदेखि स्नातकोत्तर तहसम्मको योग्यता भएका १३ जना शिक्षक र १ जना कर्मचारी गरी १४ जनामा ८ जनाले मात्र आलोपालो तालिम लिएको देखिन्छ । यस विद्यालयमा स्थानीय शिक्षकहरूको बाहुल्य रहेको छ । बाल विकासदेखि कक्षा ८ सम्मको पठनपाठन भने नियमित देखिएको छ । त्यस्तै आर्थिक पक्ष तुलनात्मक रूपमा कमजोर पाइएको छ । विद्यालयसँग भएको ४ बिघा २ कट्ठा जमिनमध्ये विद्यालय परिसरबाहेकको सबै जमिनलाई पाँच माछापोखरीका रूपमा व्यवहार गरिएको छ । माछा पोखरीबाट रु. १,०२,००० (एकलाख दुईहजार) वार्षिक आमदानी गरी यस विद्यालयबाट दुईजना निम्न माध्यमिक तह निजी स्रोतमा र तिनजना बाल विकासका शिक्षकहरूलाई तलवभत्ता उपलब्ध गराउँदै आइएको छ ।

**अभिभावकको अवस्था**

यसविद्यालयमा पढ्ने विद्यार्थीका अधिकांश अभिभावकहरू निरक्षर रहेका छन् । केही साक्षरर थोरै मात्र शिक्षित देखिएका छन् । त्यस्तै नगन्य सङ्ख्यामा रहेका बाहेक सबैजसो अभिभावकहरू निम्न तथा निम्न मध्यम वर्गीय आर्थिक अवस्थाका छन् । यसर्थ पनि पढाइमा पारिवारिक सहयोगको अवस्था अत्यन्तै कमजोर पाइएको छ । कृषिबाट थोरै मात्र आय भएका अभिभावकहरूको बाहुल्य रहेकै कारण अधिकांश विद्यार्थीहरू गरिब देखिएका छन् । अभिभावकको सामाजिक स्तर पनि कमजोर पाइएको छ । यसैकारण अधिकांश बालबालिकाहरू पढाइमा भन्दा घरको काममा बढी व्यस्त हुने गरेका छन् । यसर्थ चाहेजति नियमित हुने कुरामा पनि घरबाट समस्या झेल्दै आएका छन् तापनि विद्यालयको अथक प्रयत्नका कारण नियमितता र पठनपाठनको पक्ष सबल हुँदै गएको पाइएको छ ।

**विशिष्ट पक्षहरू**

यसभित्र उच्च उपलब्धिका कारक सम्बद्ध बहुपक्षहरू समेटिएका छन् ।

**अभिमुखीकरण र सहकार्य**

यस विद्यालयमा शिक्षक, वि.व्य.स. का अध्यक्ष, प्रधानअध्यापक तथा कतिपय अभिभावकहरू पहिलो पटक आउँदा अहिलेको तुलनामा विद्यालयको अवस्था निकै नै कमजोर थियो । त्यस समयमा यस विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक र आर्थिक

अवस्थासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिम्मेवार सरोकारवालाहरूबिचको सहसम्बन्ध, सहकार्य, क्रियाशीलता, इमानदारी र समर्पणमा एकरूपता थिएन । वर्तमान प्रधानअध्यापक यस विद्यालयमा आएपछि उक्त विषयहरूमा सुधार भई पुराना, अनुभवी, दक्ष तथा तालिम प्राप्त शिक्षकहरूबाट अन्य शिक्षकहरूका निम्ति आन्तरिक अभिमुखीकरण सुरु गरेपछि भने शिक्षण सिकाइमा अपेक्षाकृत सुधार भई विद्यार्थीको सिकाइ उपलब्धि उच्च हुन पुगेको देखियो ।

**तालिम, गोष्ठी र सहयोगात्मक सम्बन्ध**

यस विद्यालयमा कार्यरत शिक्षकहरूलाई प्रधानअध्यापकले विषयगत आवश्यकताको हिसाबले माग भई आएबमोजिम तालिम, गोष्ठी, सेमिनार आदिमा आलोपालो पठाउने गरिएको भनिए पनि कतिपयको अझै पालो नआएको गुनासो देखियो । त्यसै गरी यस विद्यालयमा कार्यरत शिक्षकहरू बाहेक विषय विज्ञलाई बोलाएर शिक्षकहरूका मागमा आधारित भई कुनै गोष्ठी तथा तालिमहरूको आयोजना गरिएको पाइएन । कुनै शिक्षक वा कर्मचारीहरू जिल्लास्तरीय तालिम वा गोष्ठीमा भाग लिई फर्केर आएपछि त्यहाँ सिकेका र अनुभव गरेका ज्ञान तथा सिपहरू आपसमा आदानप्रदान गर्ने वातावरण मिलाइ दिने गरिएको भन्ने विषयमा प्रधानअध्यापक, शिक्षक र वि.व्य.स. का प्रतिनिधिको भनाइमा एकरूपतासमेत देखियो । त्यस्ता अनौपचारिक कार्यक्रमहरू नियमित नहुने तथ्य छलफलका क्रममा खुल्न आयो । सूचनाको यस प्रस्तुतिबाट नेपालका धेरैजसो विद्यालयले तालिम प्राप्त मानव संसाधनको यथोचित रूपमा उपयोग गर्न सकिरहेका छैनन् भन्ने देखियो ।

**स्वमूल्याङ्कन र सुधार**

तपाईंहरूले नियमित प्रशासनिक तथा शैक्षणिक कामको सिलसिलामा आफ्नो मूल्याङ्न आफैँ गर्ने गर्नुभएको छ भनी प्रश्न गर्दा शिक्षक, अभिभावक तथा प्रधानअध्यापक सबैको सकारात्मक जवाफ पाइयो । यस किसिमको मूल्याङ्कन लिखित अभिलेखका रूपमा नभई अनौपचारिक मात्र हुने गरेको भए पनि त्यसबाट शिक्षकहरूको आनीबानी र व्यवहारमा आएको परिवर्तनको प्रभाव विद्यालयको शिक्षण सिकाइमा प्रत्यक्षतः परेको देखियो ।

**पूर्वधारणामा परिवर्तन र आपसी सम्बन्ध**

यस विद्यालयका वर्तमान प्रधानअध्यापक आएपछि विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वातावरण, प्रचलन, परिपाटी र सोचगत पूर्वधारणामा परिवर्तन आएको देखियो । विद्यालयका सम्बद्ध पक्ष, जस्तै- सहायक प्रधानअध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीको कार्यशैली र व्यवहारमा रहेका समानता, भिन्नता र वैयक्तिक विशेषतारूलाई सम्मान गरेको खण्डमा मात्र विद्यालयको शिक्षण सिकाइको वातावरण राम्रो हुन्छ र त्यसबाट सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्छ भन्ने विश्वास सबैमा रहेको पाइयो । यस तथ्यबाट प्रधानअध्यापकले विद्यालयका सम्बद्ध पक्षहरूको फरक-फरक विशेषताहरूलाई कदर गर्दै पूर्वधारणामा परिवर्तन गर्न सकेकै कारण विद्यालयमा राम्रो वातावरण निर्माण भई सबैका बिचमा सुमधुर सम्बन्ध कायम हुनसकेको र यसको सकारात्मक असर नियमित शिक्षण सिकाइमा पर्नाले उपलब्धिको उच्चदर कायम हुन सकेको देखियो ।

**सामग्रीको उपलब्धता र अवसर**

विद्यालयको तर्फबाट नियमित पठनपाठनमा सहजीकरण गर्ने असल मनसायले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने गरिएको भन्ने विषयमा शिक्षक, प्रधानअध्यापक र वि.व्य.स. का अध्यक्षको भनाइमा सहमति र समानता देखिए पनि अभिभावकहरूको भने यसमा असहमति रहेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा

विद्यालयमा सधैँ स्रोत र साधनको अभाव देखाइन्छ भन्ने उनीहरूको गुनासो रहेको थियो । यहाँ स्थायी शिक्षकका तुलनामा अन्य शिक्षकहरूले थोरै तलबमा पढाउनु पर्ने र अरूसरह आधारभूत सेवा सुविधा उपयोग गर्न नपाउने अवस्था भए पनि छोटा खालका आवधिक तालिममा भने समान ढङ्गले पठाउने गरिएको भन्ने प्रधानअध्यापकको भनाइ विश्वासयोग्य पाइयो । यस दृष्टान्तबाट लक्ष्यमा एकता, अवसरमा समानता र दृढ अठोटको निर्वाहबाट विद्यालयको शिक्षण सिकाइ व्यवस्थित हुन सके सामग्री उपलब्धता र प्रयोगको स्थिति अपेक्षाकृत कमजोर भए पनि उच्च सिकाइ उपलब्धि हासिल हुन सक्छ भन्ने कुरा प्रमाणसाध्य पाइयो ।

### योग्यता र विकल्पयुक्त कक्षा शिक्षणको व्यवस्थापन

यस विद्यालयको नियमित कक्षा सञ्चानमा वैकल्पिक व्यवस्था गरेको देखियो । कहिलेकाहीँ विद्यालयलाई समस्या परेको समयमा पढाउन सक्ने अभिभावक र वि.व्य.स. का सदस्यहरूलाई बोलाइने गरिएको भए पनि कमै मात्र कक्षामा गएर पढाउने गरेको कुरा विद्यार्थी तथा शिक्षकहरूसँगको कुराकानीबाट अवगत हुन आयो । यता प्रधानअध्यापक र वरिष्ट शिक्षकहरूले आफ्ना नियमित कक्षाका अतिरिक्त खाली भएका कक्षाहरूमा समेत पढाउने गरेको पाइयो । यस विद्यालयका प्रधानअध्यापक र केही वरिष्ट शिक्षकहरू नमुना शिक्षकका रूपमा पाइए । प्रधानअध्यापक आफू स्वयम् निम्नमाध्यमिक द्वितीय श्रेणीको दरवन्दीमा रहे पनि बि.एस्सी., बि.एड. तथा विद्यालय व्यवस्थापन तथा योजना विषयमा स्नातकोत्तर भएकाले आफ्ना सहकर्मी शिक्षक साथीहरूलाई नियमित हौसला प्रदान गर्ने, शिक्षण सिकाइका बारेमा पृष्ठपोषण प्रदान गर्ने र बजारमा निस्किएका पाठ्यसामग्रीहरूका बारेमा जानकारी गराउने कुरामा सचेत र सहयोगी देखिए । यसर्थ वैकल्पिक कक्षा व्यवस्थापन गर्न सकिएमा शिक्षण सिकाइमा सुधार भई उपलब्धिमा उच्च वृद्धिदर कायम हुनसक्छ भन्ने कुरा सिद्ध हुन आयो ।

### कार्यक्रममा सहभागिता र निस्पक्षता

जिल्लाशिक्षा कार्यालय वा अन्य कुनै आधिकारिक संस्थाहरूबाट आयोजना गरिने पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ उपलब्धिसम्बन्धी कार्यक्रमहरूमा सम्बन्धित विषय र तहका शिक्षकहरूलाई सहभागी गराउने गरिएको देखियो । यसरी सहभागी गराउँदा सकेसम्म निष्पक्षता निर्वाह गरेको पाइयो । यसबाट पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ सम्बद्ध कार्यक्रमहरूमा इमादारीपूर्वक भाग लिई प्राप्त भएका सिप, अनुभव र ज्ञानलाई विद्यालयको आन्तरिक स्रोत र साधनले भ्याएसम्म कार्यान्वयनमा ल्याउन सकेकैले यस विद्यालयले उच्च सिकाइ उपलब्धि हासिल गर्न सकेको देखियो ।

### निर्णयहरूको कार्यान्वयन

संस्थागत हिसाबले शिक्षकहरूका बिचमा शैक्षिक उपलब्धि सुधारका विषयहरूमा गरिने नियमित छलफलबाट निस्केका निष्कर्ष र सुझावहरू तथा बैठकहरूबाट प्राप्त निष्कर्षहरूको कार्यान्वयन प्रधानअध्यापकको आदेशमा हुने गरेको देखियो । नियमित पठनपाठनलाई थप गति प्रदान गर्न र त्यसलाई उपलब्धिमूलक बनाउन शिक्षण सिकाइ क्रियाकलापको समयमा मौलिक एवम् सिर्जनात्मक विधिहरू प्रयोग गर्दा शिक्षकहरूलाई विद्यालय प्रशासनबाट यथेष्ट सहयोग तथा हौसला मिल्ने गरेको पाइयो । उक्त गतिविधि नियमित गर्ने गरिएको अनि तिनमा बनेका समझदारी र निर्णयहरूलाई विद्यार्थीको पढाइ र शिक्षकको पेसागत उन्नयनमा इमानदारीपूर्वक लागु गर्ने गरिएकै कारण विद्यार्थीको सिकाइ उपलब्धिलाई अपेक्षाकृत उच्च बनाउन सकिएको देखियो ।

**सहकार्यात्मक सम्बन्ध**

यस विद्यालयका शिक्षकहरूले एकआपसमा आफूले सिकेका, अनुभव गरेका र तालिमबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बद्ध सिपहरूलाई आन्तरिक छलफलको आयोजना गरी आदानप्रदान गर्ने गरेको पाइयो । यसबाट सहयोगात्मक सम्बन्धको विकास हुनुको साथै विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरूका बिचसमेत निकटता बढेको देखियो । यसै कारण सम्बद्ध पक्षका बिचमा आपसी एकता र सहकार्यको वातावरण बन्न सक्यो भने विद्यार्थीको सिकाइ उपलब्धि उच्च हुन सक्छ भन्ने विश्वास सबैमा जागृत हुन सकेको पाइयो ।

**सहयोग, समर्थन र अठोट**

विद्यार्थीहरूको पढाइमा आफन्तजन, जस्तै- आमा, बाबु, दाजु, दिदी जस्ता अग्रजहरूबाट सीमित मात्रामा मात्र सहयोग र समर्थन रहने गरेको देखियो । शिक्षकहरूबाट कक्षा प्रारम्भ हुनुअघि पूर्वपाठको पुनरावृत्ति गराइने गरिएको मात्र होइन विद्यार्थीहरूको पढाइलाई लिएर सम्बद्ध पक्षहरूका बिच छलफल चलाइने गरेको पाइयो । यसर्थ विद्यार्थीहरूको सिकाइ उपलब्धिको उच्च दर कायम गर्नमा अभिभावकको कम भूमिका रहँदारहँदै पनि नियमित सिकाइमा आबद्ध सबै पक्षको सहयोग, समर्थन, अठोट र सकारात्मक भावना अटुट रहने हो भने विद्यार्थीको सिकाइ उपलब्धिलाई क्रमशः बढाउँदै लान सकिन्छ भन्ने कुरा यस अध्ययनबाट प्रमाणित हुन आयो ।

**पुरस्कार र दण्ड**

यस विद्यालयका शिक्षकहरूको भनाइ र कक्षा अवलोकनबाट प्राप्त प्रमाणलाई आधार मान्दा कक्षाभित्र साथीहरूसँग झैझगडा गर्ने, शिक्षकलाई नटेर्ने, अनावश्यक नाम राख्ने र केटी साथीहरूलाई जिस्क्याउने विद्यार्थीहरूको सङ्ख्या नगन्य मात्र रहेको पाइयो । यसबाट विद्यालयको पठनपाठनमा खासै असर पुगेको देखिएन । विद्यार्थीको भनाइअनुसार राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने परिपाटी मध्यम खालको भएको र दण्डलाई केही सिप नलाग्दा मात्र अपनाउने गरिएको तथ्यबाट राम्रो काममा प्रोत्साहन र पुरष्कारलाई नियमित गरी दण्डलाई कम गर्न सकेकै कारण त्यसको सकारात्मक असर शिक्षण सिकाइ र उपलब्धिमा परेको हो भन्ने देखियो ।

**अतिरिक्त क्रियाकलाप**

विद्यालयमा नियमित शिक्षण सिकाइका अतिरिक्त भौतिक पूर्वाधारको कमीका बिचमा पनि वर्षमा एकदुई पटक अतिरिक्त तथा सहकार्यकलापका रूपमा हाजिरी जवाफ प्रतियोगिता, चक्लेट दौड, वादविवाद जस्ता कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराउने गरेको देखियो । त्यस्ता अतिरिक्त कार्यक्रमहरूबाट विद्यार्थीको पढाइप्रतिको रुचि बढाउने कुरामा मद्दत पुग्नुका साथै नियमित उपस्थितिमा मिलेको प्रेरणाले गर्दा सिकाइप्रति हौसला र प्रोत्साहन प्राप्त भई उपलब्धिमा समेत वृद्धि प्रभाव परेको पाइयो । यसरी विद्यालयमा कोरा किताबीज्ञान मात्र नभएर अतिरिक्त क्रियाकलापका माध्यमबाट व्यावहारिक ज्ञान प्रदान गर्ने गरिएकाले नै विद्यार्थीको नियमित सिकाइमा रुचि बढ्न गई सिकाइ उपलब्धिको उच्च दर कायम हुन सकेको हो भन्ने देखियो ।

**राम्रो कामको प्रसंशा र जिम्मेवारी**

यस विद्यालयका प्रधानअध्यापकले विद्यालय हाताभित्र राम्रो काम गर्ने शिक्षकको प्रशंसा गर्ने गरेको देखियो । त्यस खालको प्रशंसा सामान्यतः न्यायसङ्गत रहेको र त्यो बैठक बसेको समय पारेर मौखिक विधिकेन्द्रित रही प्रकट हुनेगरेको अनुभव शिक्षक, अभिभावक

तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सुनाइयो । त्यस्तै प्रधानअध्यापक, सहायक प्रधानअध्यापक, शिक्षक तथा कर्मचारीहरूलाई जुन कामको जिम्मेवारी दिइएको हो त्यो राम्रै गरी पूरा गर्ने गरेको कुरा अभिभावकहरूबाट अवगत हुन आयो । यस आधारमा हेर्दा सिकाइलाई व्यवस्थित गरी सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि प्रमुख व्यक्तिबाट राम्रो कामको प्रसंशालाई औपचारिकता प्रदान गरिएको र सम्बन्धित पक्षबाट नियमित प्रशंसाका कारण आफूले पाएको जिम्मेवारी राम्रोसँग पूरा गर्नुपर्छ भन्ने विश्वास जागृत गरिएको फलस्वरूप विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च हुन पुगेको देखियो ।

**सिकाइमा सहजीकरण**

विद्यार्थीहरूको बुझाइमा आफूलाई नियमित उपस्थित हुन प्रेरित गर्ने, दिइएका कक्षाकार्य र गृहकार्य समयमै गर्न हौसला दिने, घरघरमा गएर आफ्ना बाबुआमालाई पढाइका बारेमा सचेत पार्ने, काम कम लगाउन आग्रह गर्ने, समयमा विद्यालय पठाउन पहल गर्ने जस्ता विद्यार्थी हितका काम गर्ने विषयमा प्रधानअध्यापक र शिक्षकहरूको भूमिका सबैभन्दा राम्रो रहेको पाइयो । यसै कारण उनीहरूमा गणित र विज्ञान विषय मन पर्ने र त्यसमा आफूले प्रगति गर्न सकेकैले अन्य विषयमा पनि यसैगरी राम्रो गर्न सकिन्छ भन्ने आत्मबल विद्यार्थीमा बढेको देखियो । यस सन्दर्भले सङ्केत गरेअनुसार विद्यार्थीको सिकाइ उपलब्धि उच्च राख्न यस विद्यालयका प्रधानअध्यापक र तालिम प्राप्त विज्ञ शिक्षकहरूबाट शिक्षण सिकाइमा नियमित सहजीकरणको काम अनिवार्य हुनुपर्दछ भन्ने कुरा प्रमाणसाध्य पाइयो ।

**उद्देश्यमूलक नेतृत्व**

वि.व्य.स., अभिभावक र शिक्षकहरूका नजरमा यस विद्यालयका प्रधानअध्यापकले विद्यालयका कामकार्वाहीमा उद्देश्यमूलक नेतृत्व दिन सकेको देखियो । उनी सबै सरोकारवालाको सहकार्य, सहमति र सहभागितामा वृद्धि गरी नीति नियममा शुद्धीकरण, प्रक्रियामा पारदर्शीता, आपसमा मेलमिलाप, गुणस्तरीय शिक्षण सिकाइ र प्रशासनमा चुस्त दुरुस्तता कायम गरी विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्न प्रयत्नरत रहेको पाइयो । पठनपाठनका चुनौतिहरूलाई सहज रूपमा स्विकार्ने, शिक्षकहरूका लागि चुनौती थपिदिने र चुनौतिहरूका बिचबाटै तत्काल नेतृत्व लिन सक्ने क्षमता उनमा छ भन्ने सबैको ठम्याइ रहेको पाइयो । यसर्थ उनकै सफलर सबल नेतृत्वकै कारण समग्र विषयमा सिकाइ उपलब्धि उच्च हुन सकेको हो भन्ने विषयमा सबैको विश्वास देखियो ।

**कक्षा अवलोकन**

यस विद्यालयमा विषय शिक्षकमा रहेका कमीकमजोरीहरू हटाउनका लागि उनीहरूका कक्षाहरू प्रधानअध्यापक स्वयम्बाट तथा वरिष्ट शिक्षक तथा अन्य सम्बद्ध पक्षद्वारा अवलोकन गरी गराई पृष्ठपोषण प्रदान गर्ने, प्रेरित गर्ने र उनीहरूलाई पनि वरिष्ट शिक्षकहरूको कक्षा अवलोकन गर्न र टिप्पणी गर्न लगाई स्वयम् सचेत हुन अभिप्रेरित गर्ने गरी दोहोरो अवलोकन प्रणाली लागु गर्ने गरेको पाइयो । यसबाट सुधार्ने र सुध्रिने दुबै पक्षबिच समन्वय र सहकार्य हुन सकेकोर यसै कारण विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई उच्च तुल्याइ राख्न मद्दत पुगेको हो भन्ने देखियो ।

**पारदर्शी मूल्याङ्कन प्रणाली**

यस विद्यालय प्रशासनले विद्यालयलाई विद्यार्थी पढाउने थलोका अतिरिक्त शिक्षकहरूको मनोबल उच्च राख्न पेसाको विकास गर्ने ठाउँ पनि बनाउन सकेको पाइयो । शिक्षकहरूको आन्तरिक बढुवा गर्दाको बखत अन्य प्रभावका आधारमा नभई सम्बन्धित

शिक्षकहरूलाई नै आआफ्नो वर्षभरिको कामको प्रगति विवरण (टिचिङ्ग पोर्टफोलियो) तयार पार्न लगाई उक्त फाइल अध्ययनबाट निश्चित अङ्क भार दिएर बढुवाको निस्पक्ष आधार बनाउने गरेको देखियो । विद्यालय प्रशासनको यस पारदर्शी र इमानदार कार्यबाट राम्रो काम गर्दा मात्र मूल्याङ्कनमा पर्न सकिन्छ भन्ने विश्वास आर्जन भई शिक्षण सिकाइमा उच्च मनोबलका साथ सबै लाग्ने वातावरण बनेको पाइयो ।

उल्लिखित सूचनाहरूबाट यस विद्यालयको नियमित पठनपाठन र सिकाइ उपलब्धिसम्बन्धी विशिष्ठ नतिजाहरूको एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट विद्यालयको सिकाइ उपलब्धि उच्च हुनुमा के कस्ता कारक पक्षहरू रहेछन् भन्ने बारेमा एउटा स्पष्ट मार्गचित्र प्राप्त भएको छ ।

**निष्कर्ष**

उल्लिखित कारक पक्षहरूलाई हेर्दा उच्च सिकाइ उपलब्धिका निम्ति प्रधानअध्यापकको भूमिका महत्त्वपूर्ण देखिएको छ । विद्यालयको दैनिक कामकाजदेखि विद्यालय व्यवस्थापनका बिच समन्वय गर्ने, शिक्षासँग सम्बन्धित अधिकारीहरूसँगको सम्बन्ध सुमधुर बनाउने, साधन स्रोतको पहिचान गर्ने, जुटाउने, परिचालन गर्ने, अभिभावकहरूसँग सहयोग लिने, समझदारी बढाउने जस्ता कार्यहरूमा उद्देश्यमूलक नेतृत्व प्रदान गरी विद्यालयमा सहकार्यात्मक संस्कृतिको विकास गर्न सक्ने प्रधानअध्यापक स्वयम्ले कुशल, प्रजातान्त्रिक र बौद्धिक नेतृत्व प्रदान गर्न सकेकाले विद्यार्थीको उच्च सिकाइ उपलब्धि सम्भव भएको कुरा यस अध्ययनबाट देखिएको छ ।

एउटा विद्यालयले उच्च सिकाइ उपलब्धि हासिल गर्नमा सबैभन्दा महत्त्वपूर्ण भूमिका विषय शिक्षकहरूको हुने देखिएको छ । यसबाट तालिम प्राप्त विषय शिक्षकहरूको सहयोग, सहकार्य, समन्वय, प्रोत्साहन र इमानदारीका कारण शिक्षण सिकाइ प्रभावकारी हुन सकेको कुरा सिद्ध भएको छ ।

विद्यालयको स्रोत साधनको अवस्था कमजोर भएर पनि र विद्यार्थीहरू घरको काम भ्याएर विद्यालय आउने शिक्षण सिकाइका दृष्टिले सामान्य स्तरका रहे पनि विषय शिक्षक र प्रधानअध्यापकको योग्यता, क्षमता र शैक्षणिक कौशल उन्नत रहने र भूमिका सबल हुने हो भने विद्यालयको सबैभन्दा महत्त्वपूर्ण र अन्तिम लक्ष्य विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने गराउने कार्य सहज हुन सक्छ भन्ने कुरा प्रस्तुत अध्ययनले पुष्टि गरेको छ ।

यस विद्यालयमा पनि अन्य ठाउँका सामुदायिक विद्यालयमा जस्तै कम आय भएका पिछडिएको वर्ग तथा दलित समुदायबाटै बढी विद्यार्थीहरू आउने गरेका भए पनि कमजोर स्रोत साधनका बिचमा विद्यालयको कुशल व्यवस्थापन, निष्पक्ष र पारदर्शी प्रशासन, भयरहित वातावरण, उद्देश्यमूलक अग्रसरता तथा सम्बद्ध पक्षको एकता र लगावअनि योग्य तथा उत्तरदायी शिक्षकहरूको इमानदारीका कारणले गर्दा नै सिकाइ उपलब्धि उच्च हुन पुगेको हो भन्ने यसबाट पुष्टि भएको छ ।

**उपादेयता**

- सिद्धान्ततः प्रस्तुत अध्ययनबाट लगानी समान हुँदाहुँदै पनि सिकाइ उपलब्धिमा देखिने समानता र असमानताका आधारमा विद्यालयगत प्रक्रियामा रहेका अन्तर पत्ता लगाउन सकिने भएको छ ।

- यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र प्रक्रियाहरूलाई न्यून उपलब्धि हासिल गर्ने विद्यालयहरूमा स्थानान्तरणका उपायहरू पहिचान गर्न सम्बद्ध पक्षलाई सहज हुने भएको छ ।
- यस अध्ययनबाट सामुदायिक तथा संस्थागत विद्यालयहरूको शिक्षण सिकाइ उपलब्धिमा सुधार गर्न, विद्यालय सुधारका नीति तथा कार्यक्रम तर्जुमा गर्न र समग्र शैक्षिक प्रणालीमा समेत सुधार गर्न प्रामाणिक सूचनासहितको आधार एवम् पृष्ठपोषण प्राप्त भएको छ ।
- यसबाट सम्बद्ध विद्यालयहरूलाई शिक्षण सिकाइमा विद्यार्थीको पहुँच वृद्धि गर्ने, विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्ने, कक्षा व्यवस्थापनलाई बालमैत्री तथा शिक्षण सिकाइअनुकूल बनाउने आदि कार्यहरूका लागि मार्गदर्शन प्राप्त भएको छ ।
- यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि कक्षामा खास विधाका विषयवस्तुको बोध तथा ज्ञानको प्राप्ति, शिक्षण सिकाइमा विधि तथा प्रविधिको उपलब्धता र सहजीकरण, प्रभावकारी विद्यालय व्यवस्थापन तथा विभिन्न तह र स्तरका लागि भनेर निर्धारण गरिएको भन्दा बढी शिक्षा हासिल गरेका कुशल र प्रभावकारी शिक्षक तथा विद्यालय नेतृत्व आवश्यक हुन्छन् भन्ने कुरामा सचेत हुने आधार प्राप्त भएको छ ।
- यस अध्ययनबाट सम्बद्ध पक्षलाई विद्यालयले आफ्नो क्षेत्राधिकारभित्र रही शिक्षण सिकाइका क्रममा विषय शिक्षकले नियमित रूपमा प्राप्त गरेका व्यावहारिक ज्ञान, सिप र अनुभवहरूलाई विद्यार्थीहरूको दैनिक शिक्षण सिकाइमा इमानदारीपूर्वक उपयोग गर्न सकियो भने मात्र उच्च सिकाइ उपलब्धि हासिल हुन सक्छ भन्ने सुझ प्राप्त भएको छ ।
- यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र नीतिगत सबल पक्षहरूलाई कमजोर सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयमा स्थानन्तरण गर्ने गरी कार्यक्रम र कार्यनीति तर्जुमा गर्न सकेको खण्डमा न्यून सिकाइ उपलब्धि भएका विद्यालयका लागि ठोस सहायता प्रणाली विकास गर्न सकिन्छ भन्ने आधार प्राप्त भएको छ ।
- यसबाट भावी अनुसन्धानसँग सम्बद्ध पक्षलाई नेपालको यथार्थ परिवेशभित्र विद्यालयहरूको मामला अध्ययनका लागि विषय वा क्षेत्र चयन गर्न, उद्देश्य निर्धारण गर्न, सैधान्तिक आधार तयार पार्न, सामग्री निर्माण गर्न, विधि प्रविधिहरू पहिचान गर्न र प्रस्ट अवधारणाका आधारमा अनुसन्धानमा लाग्न प्रामाणिक आधारसहितको मार्गचित्र प्राप्त भएको छ ।

**सन्दर्भ कृतिसूची**

घिमिरे, रामनारायण (२०७२). दिगो विकासका लागि विद्यालय सुधार योजना. *दूर शिक्षा.* वर्ष १६, अङ्क १६ ।

शिक्षा ऐन (२०२८). *सातौँ संशोधन २०५७.* काठमाडौँ : नेपाल सरकार, कानुन किताब व्यवस्था समिति ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६९). *प्रधानअध्यापक नेतृत्व क्षमता विकास तालिम.* तालिम स्रोत सामग्री ।

Arends, R. (2001). *Learning to teach*. Boston USA: Mc Graw Hill.

Awasthi, L.D. (2004). *Exploring monolingual school practices in multilingual Nepal.* An unpublished PhD dissertation, Denmark: Danish University of Education, Copenhagen.

Bourdieu, P. & Passero, J.E. (1977). *Reproduction in education, society and culture.* London: Sage.

Coleman, J.S. (1988). Social capital in the creation of human capital. *American journal of sociology.*1994 (supplement).

Cullingford, C. (1995). *The effective teacher.* London: Cassell.

Dangal, M.R. (2013). *Compedium on education policy in Nepal.* Kathamandu: Ministry of Education.

Dweck, C. (1999). Self-Theories: *Their role in motivation, personally and development.* Philadelphia: Psychology Press.

ERO (2013). *Where are we now? Student achievement is mathematics, Nepali and social studies in 2011 report*. Kathmandu: Authors.

--- (2015). *Report of national assessment of student achievement* (Grade 8: Mathematics, Nepali and Science). Sanothimi: ERO.

Leav, J. & Wenger, E. (1991). *Situated Learning: Legitimate peripheral participation.* Cambridge: Cambridge University Press.

Lortie, D. (1975). School teacher: A sociological study. Chicago: The University of Chicago press

Mckay, S.L. (2006). *Researching second language classrooms*. London: LEA.

MOE (2013). *National assessment of student achievement*. Kathmandu: The government of Nepal, Ministry of Education.

Mortimore, P. (1991). *The nature and findings of research on school effectiveness in the primary sector,* in Riddle, S. and Brown, S. (eds) *School effectiveness research: Its messages for school Improvement.* Adinburgh: HNSO.

NASA (2013). *Where we are now? Student achievement is mathematics, Nepali and social studies,* Bhaktapur: Authors.

Polard, A. (2006). *Reflective teaching*. London/New York: Continnum.

Rogoff, B. (1990). *Apprenticeship in thinking: Cognitive development in Social contest*. Oxford: Oxford University Press.

Rutter, N., Naughan, B, Mortimore, P. & Ouston, J. (1979). *Fifteen thousand hours: Secondary schools and Their Effects on children.* London: Open Books.